अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या: ९ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## लागत सहभागितामा गोठ तथा खोर सुधार कार्यक्रम संचालन कार्यविधि २०८२

प्रस्तावना :

यस नगरपालिका भित्रका गाई/भैंसी/बाख्रा पालन गरिरहेका कृषकहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरणका साथ गुणस्तरीय प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्न नगरपालिकाबाट स्वीकृत ६०% लागत साझेदारीमा गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त, नाम र प्रारम्भ

**क) यस कार्यविधिको नाम " लागत सहभागितामा गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८२"**

" रहनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा :विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"कार्यालय" भन्नाले यस बर्दिवास नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख)"कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) " पशु " भन्नाले गाई ,भैंसी ,बाख्रालाई सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले बर्दिवास नगरपालिकाको पशुपंन्छी विकास शाखालाई सम्झनु पर्दछ ।

(ङ)"कार्यक्रम" भन्नाले नगरपालिकाको ६०% लागत सहभागितामा गोठ सुधार कार्यक्रम लाई सम्झनु पर्दछ ।

(च) " कृषक " भन्नाले पशु पालनमा संलग्न व्यक्तिलाई जनाउँदछ ।

(छ) " समिति " भन्नाले दफा (५) को समिति लाई सम्झनु पर्दछ ।

## पीरच्छेद -२

## मापदण्ड

३.प्राथमिकताका आधारहरु : यस कार्यविधि अनुसार गोठ सुधार गर्न पाउन योग्य लाभग्राहीको प्राथमिकताका देहाय अनुसार हुनेछ ।

- गरिव ,विपन्न वा न्युन आम्दानी भएका परिवार हुनु पर्ने ।
- कृषक परिचयपत्र,गरिवी सूचकाङ्क वा वडा कार्यालयको सिफारिस पत्र
- हाल पशु पालन गर्दै आएका कृषकहरु कम्तीमा निश्चित सङ्ख्या २ भन्दा वढी दुधालु पशु पालन गरेको ।
- पुरानो अस्वस्थकर, पानी निकास नभएको कृषकलाई प्राथमिकता ।
- गोठ सुधारबाट पशु स्वास्थ्य र उत्पादकत्व बढ्ने सम्भावना भएको हुनुपर्ने ।
- गोठ/खोर निर्माणका लागि आफ्नो वा परिवारको नाममा जमिन हुनुपर्ने वा लिजमा लिईएको सम्झौता पत्र ।

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

**४. लाभ ग्राही छनौट प्रक्रिया :** समितिले कार्यक्रम सञ्चालनका लागि १ वटा वडा वा १ वटा भन्दा वढी वडामा छनौट गरी सूचना गर्नु पर्ने छ।

१.सूचना प्रकाशन गर्ने

- कार्यालयले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

२.आवेदन सङ्कलन गर्ने

- इच्छुक किसानहरुले तोकिएको समयमा सम्वन्धित शाखामा आवश्यक कागजात सहित आवेदन फारम भर्नु पर्ने छ।
- फारममा निम्न विवरण हुनु पर्नेछ।
    - नाम,ठेगाना , नागरिकता
    - आर्थिक अवस्था र परिवारको विवरण
    - पशुपालन र गोठको अवस्था
    - गोठ/खोर सुधार गर्नु पर्ने कारण
    - आफ्नो जग्गाको प्रमाण वा उपयोग स्वीकृति

**३ प्रारम्भिक छानविन गर्ने :-** शाखाले प्राप्त आवेदकहरुको प्रारम्भिक छानविन गर्नु पर्ने छ।

**४.स्थलगत अनुगमन (फिल्ड भिजिट )गर्ने :-** समितिले स्थलगत अनुगमन गर्नुपर्दछ।

**५.अङ्क प्रणाली (स्कोरिङ्ग)**

मपदण्ड अनुसार अङ्क दिइने जस्तै

| मपदण्ड | अधिकतम अङ्क |
|---|---|
| आर्थिक अवस्था | २० |
| पशुपालनमा संलग्नता र पशु संख्या | २० |
| गोठको अवस्था | २० |
| महिला/दलित/जनजाति/सीमान्तकृत वर्ग | २० |
| सुधार को संभावना | २० |
| कुल | १०० |

५.प्रस्ताव मूल्याङ्कन,तथा छनौट

१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत गर्न देहाय बमोजिमको मूल्यांकन समिति रहनेछ :

क) नगर प्रमुख — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग)आर्थिक विकास समिति प्रमुख — सदस्य

घ) सम्बन्धित शाखा प्रमुख वा प्रतिनिधि — सदस्य सचिव

मूल्याङ्कन समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

२) मूल्याङ्कन समितिले मूल्यांकन विधि र कार्यविधि आफैँ तयार गर्नेछ ।

३) मूल्यांकन समितिले लाभग्राहीहरुको छनौट गर्नु पर्नेछ ।

६.सम्झौता : छनौट भएका लाभग्राहीहरुसँग कार्यालयले सम्झौता गर्नुपर्ने छ ।

७.सहयोगको स्वरुप

क) अनुदान सहयोग

:गोठ/खोर सुधारका लागि आवश्यक निर्माण सामग्री (सिमेन्ट, रड, जस्ता पाता,ढुङ्गा , वालुवा आदि ) खरिदमा अधिकत्म रु.३०,०००। सम्म पालिकाले उपलव्ध गराउने छ ।

ख) प्राविधिक सहयोग

:पशु सेवा शाखाबाट गोठ डिजाइन उपलव्ध गराईनेछ ।

पशु पालन तालिम उपव्ध गराउने ।

## परिच्छेद -४

## विविध

८. कृषकको दायित्व :

१) तोकिएको समयभित्र गोठ सुधार कार्य सम्पन्न गर्नुपर्नेछ ।

२) पालिकाद्वारा तोकिएको मापदण्ड र सर्तहरु पालना गर्नुपर्नेछ ।

३) गोठको सरसफाइ र मर्मत सम्भार निरन्तर गर्नुपर्ने ।

४) लागत साझेदारीको ४०% हिस्सा वेहोर्नु पर्नेछ ।

९. पालिकाको दायित्व

- बजेट, प्राविधिक सहयोग र अनुगमन सुनिश्चित गर्ने ,

- कार्यक्रमका विवरण अभिलेख राख्ने र प्रतिवेदन तयार गर्ने ,
- कार्यक्रमको दिगोपनका लागि आगामी वर्ष योजनामा निरन्तरता दिने ,

**१०. विवाद समाधान**

कार्यक्रम कार्यान्वयनमा उत्पन्न विवाद पालिकाको कार्यपालिकाको निर्णयबाट समाधान गरिनेछ ।

**११.दण्ड सजाय :** वितरण गरिएको च्याफकटर सम्झौता अनुसार पालन नगरेमा प्रचलित कानुन अनुसार दण्ड सजाय गरिनेछ ।

**१२.संशोधन :** यो कार्यविधि कार्यान्वयन सम्वन्धमा बाधा अड्चन कार्यपालिकाले फुकाउने छ ।

**१३.बचाउँ :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,

रामममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत